# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज २७ गते, २०८३ साल (अतिरिक्ताङ्क ४६

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८३ सालको अध्यादेश नं. १०**

**वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावना** : वन सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकाले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **वन ऐन, २०७६ मा संशोधन** : वन ऐन, २०७६ को,-

(१) दफा २ को,-

(क) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) "कार्यालय" भन्नाले वृक्ष सुधार तथा भू-परिधि संरक्षण कार्यालय सम्झनुपर्छ।"

(ख) खण्ड (ज) को सट्टा देहायको (ज) राखिएको छ :-

"(ज) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ र सो शब्दले सागरनाथ वन विकास परियोजना, रतुवामाई वन विकास परियोजना वा नेपाल सरकारद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रको व्यवस्थापन गर्ने कार्यालयको प्रमुखलाई समेत जनाउँछ।"



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ३ को,-

(क) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर अभिलेखमा वन, वन क्षेत्र, बुट्यान क्षेत्र वा वन संरक्षण क्षेत्र जनिएको वा नजनिएको, सीमा लगाएको वा नलगाएको तर फिल्डमा वन नभएको जग्गामध्ये संवत् २०६६ साल माघ २८ गते अगावैदेखि आवाद कमोतमा रहेको जग्गा मात्र यकिन गरी एक पटकका लागि पुनः नक्साङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्नेछैन।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) आफ्नो कार्यक्षेत्र अन्तर्गतको वन क्षेत्रको भू-उपयोग परिवर्तनको अभिलेख कार्यालयले तोकिएबमोजिम राख्नु पर्नेछ।"

(३) दफा ११ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (४) पछि देहायका उपदफा (५), (६), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६) र (१७) थपिएका छन् :-

"(५) विभागले प्रदेश मन्त्रालयसँगको समन्वयमा दिगो वन व्यवस्थापनका सिद्धान्तका आधारमा वन सम्बर्धन प्रणाली लागु गर्न वनको क्षेत्रफल, वन पैदावारको उत्पादन, बिक्रीवितरण र अतिक्रमण नियन्त्रणको राष्ट्रिय लक्ष्य निर्धारण गरी डिभिजनल वन अधिकृतले वार्षिक रूपमा पूरा गर्नुपर्ने लक्ष्य तोक्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम तोकिएको लक्ष्य पूरा गर्नु डिभिजनल वन अधिकृतको दायित्व हुनेछ।

(७) वनको संरक्षणमा लापरबाही तथा बदनियत राखी काम कारबाही गर्ने डिभिजनल वन अधिकृतलाई विभागको सिफारिसमा मन्त्रालयले प्रचलित कानूनबमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

(८) विभागले आफैं वा कार्यालयमार्फत वार्षिक रूपमा राष्ट्रिय वनको दिगो वन व्यवस्थापन मापदण्डअनुसार



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थापन गरेको वनको प्राविधिक अडिट गरी वार्षिक रूपमा प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको अडिट प्रतिवेदन अनुसारको सुझाव पालना गर्नु डिभिजनल वन अधिकृतको दायित्व हुनेछ।

(१०) डिभिजनल वन अधिकृत आफ्नो कार्यक्षेत्रको वनको संरक्षण र व्यवस्थापनको सन्दर्भमा विभाग र मन्त्रालयप्रति जवाफदेही हुनेछ र डिभिजनल वन अधिकृतले सम्पादन गरेका काम कारबाही निरन्तर रूपमा विभाग र मन्त्रालयद्वारा समीक्षा गरिनेछ।

(११) नेपाल सरकारले डिभिजनल वन अधिकृतलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(१२) उपदफा (११) बमोजिम दिएको निर्देशन पालना नगरेमा त्यस्तो डिभिजनल वन अधिकृतलाई विभागीय कारबाहीको लागि मन्त्रालयले अख्तियारवालालाई सिफारिस गर्नेछ।

(१३) कुनै वन व्यवस्थापन पद्धति अपनाइएको वन क्षेत्रको व्यवस्थापन पद्धति परिवर्तन गर्नु परेमा कार्यालयमार्फत विभागको सहमति लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) वन पैदावारको सङ्कलन, ओसारपसार तथा बिक्रीवितरणको विवरण डिभिजन वन कार्यालयले मन्त्रालयले तोकेको विद्युतीय प्रणालीमा प्रविष्ट गरी त्यस्तो प्रणालीबाट जारी हुने निस्साको आधारमा त्यस्तो वन पैदावारको सङ्कलन, ओसारपसार तथा बिक्रीवितरण गर्नु पर्नेछ।

(१५) राष्ट्रिय वनबाट व्यावसायिक प्रयोजनका लागि काठ दाउरा सङ्कलन, बिक्रीवितरण तथा सदुपयोगका लागि नेपाल सरकारले एकद्वार प्रणाली लागु गर्नेगरी निकाय तोक्न सक्नेछ।

(१६) उपदफा (१५) बमोजिमको निकायको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(१७) उपदफा (३) बमोजिम डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको रणनीतिक योजना तयार गर्दा वन क्षेत्रको भू-उपयोग परिवर्तन हुने वा नहुने विषय यकिन गरी लागि स्वीकृतिका लागि पेस गर्नुपूर्व विभागको सहमति लिनु पर्नेछ।"

(४) दफा १३ पछि देहायको दफा १३क. थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

"**१३क. <u>जैविक मार्गको व्यवस्थापन</u>** : (१) राष्ट्रिय वन क्षेत्रभित्रको कुनै भाग वा क्षेत्रलाई प्रदेश मन्त्रालयको परामर्शमा मन्त्रालयले जैविक मार्गको घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको जैविक मार्गको संरक्षण र व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ।

(३) जैविक मार्गको जैविक विविधता अभिलेखीकरण, सर्वेक्षण तथा अनुगमन कार्यालयले गर्नेछ।"

**(५)** दफा १८ को,-

(क) उपदफा (७) मा रहेका "पर्यापर्यटनका कार्यक्रमहरू" भन्ने शब्दहरू पछि "कार्यालयको सहमति लिई" भन्ने शब्दहरू थपिएका छन्।

(ख) उपदफा (८) मा रहेका "उपभोक्ता समूहले" भन्ने शब्दहरू पछि "कार्यालयको सहमतिमा" भन्ने शब्दहरू थपिएका छन्।

(ग) उपदफा (९) पछि देहायका उपदफा (१०) र (११) थपिएका छन् :-

"(१०) सामुदायिक वनको राष्ट्रिय कोड एक अर्कोसँग मेल नखाने गरी कार्यालयले तोकेबमोजिम डिभिजन वन कार्यालय र उपभोक्ता समूहलाई उपलब्ध गराउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) उपदफा (७), (८) र (९) बमोजिम उपभोक्ता समूहले कार्य गर्दा आफ्नो अधिकार क्षेत्रभित्रको राष्ट्रिय वनको कुनै भागमा वन क्षेत्रको भू-उपयोग परिवर्तन हुने वा नहुने विषय यकिन गरी कार्यालयको सहमतिमा मात्र क्रियाकलाप कार्यान्वयन गर्न सक्नेछ।"

(६) दफा २३ पछि देहायका दफा २३क. थपिएको छ :-

"**२३क. <u>सहमति लिनुपर्ने</u> :** डिभिजनल वन अधिकृतले दफा २३ बमोजिम उपभोक्ता समूहलाई साझेदारी वन व्यवस्थापन गर्दा वा कार्ययोजना निर्माण, संशोधन वा पुनरावलोकन गर्दा भू-उपयोग परिवर्तन भए नभएको यकिन गर्न वा कार्ययोजनामा भू-उपयोग परिवर्तन गर्ने क्रियाकलाप समावेश नभएको यकिन गर्न कार्यालयको प्रतिवेदनका आधारमा विभागबाट सहमति लिई प्रदेश वन निर्देशकले कार्ययोजना स्वीकृत गर्नु पर्नेछ।"

(७) दफा २५ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन् :-

"(५) साझेदारी वनको राष्ट्रिय डाटाबेस विभागले तयार गरी कार्यालयले उपभोक्ता समूहलाई कोड प्रदान गर्नु पर्नेछ।

(६) साझेदारी वनबाट उत्पादित वन पैदावारको उपयोग बिक्रीवितरण तथा बाँडफाँट विभागले तयार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको विद्युतीय प्रणालीमा डिभिजनल वन अधिकृतले प्रविष्ट गर्नु पर्नेछ।"

(८) दफा २६ को उपदफा (१) को खण्ड (ङ) र स्पष्टीकरण झिकिएका छन्।

(९) दफा २६ पछि देहायको दफा २६क. थपिएको छ :-

"२६क. **पर्यापर्यटन विकासको लागि कबुलियती वन प्रदान गर्न सकिने** : (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले वातावरणमा प्रतिकूल असर नपर्नेगरी नेपाल सरकारद्वारा तोकिएको राष्ट्रिय वन क्षेत्रभित्र प्रकृतिमा आधारित देहाय बमोजिम पर्यापर्यटनको विकास गर्ने प्रयोजनको लागि राष्ट्रिय वनको कुनै भाग वा क्षेत्र दफा २६ बमोजिम कबुलियतनामा गरी दिन सक्नेछ :-

(क) साहसिक पर्यटकीय गतिविधिहरू (प्याराग्लाइडिङ, स्काइडाइभिङ, बन्जी जम्पिङ, जिप लाइनिङ, रक क्लाइम्बिङ, र्‍याफ्टिङ, क्यानोइङ),

(ख) केबुलकार, चेयरलिफ्ट, रोप वे, ग्राभिटी फ्लो,

(ग) कम्तीमा चार तारे होटल, वा



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका प्रकृतिमा आधारित पर्यापर्यटनका पूर्वाधारहरू।

(२) उपदफा (१) बमोजिमको प्रकृयामा आधारित पर्यटन विकासका लागि उपलब्ध गराएको राष्ट्रिय वनक्षेत्रमा भौतिक पूर्वाधार निर्माण गरी बाँकी रहेको जग्गामा वनको संरक्षण, विकास र पुनर्स्थापना गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार निर्माण गर्दा कबुलियतनामा गरी कबुलियतनामा गरेको जग्गाको कुल वनक्षेत्रको बिस प्रतिशत वा बढीमा दुई दशमलव पाँच हेक्टरमध्ये जुन कम हुन्छ सो परिमाणमा नबढ्ने गरी वनको कबुलियतनामा गरेको क्षेत्रमा भौतिक पूर्वाधारको काम गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार निर्माण हुने वन क्षेत्रफलको यकिन विवरण कार्यालयले तयार गरी स्थलगत प्रतिवेदन विभागमा पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार निर्माण हुने वन क्षेत्रको क्षेत्रफलको आधारमा वातावरण संरक्षण शुल्क बापत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिए बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको प्रयोजनका लागि रुख हटाउनु परेमा कार्यालयको सिफारिसमा विभागको स्वीकृति लिई हटाउन सकिनेछ।

(७) उपदफा (१) बमोजिमको प्रयोजनको लागि प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिमको प्रयोजनको लागि कबुलियतनामा लिनेले देहायका कार्य गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले जुनसुकै बखत त्यस्तो कबुलियतनामा खारेज गरी वनक्षेत्र फिर्ता लिनेछ :-

(क) प्रचलित वन तथा वातावरण सम्बन्धी कानून प्रतिकूल कार्य गरेमा,

(ख) वातावरणीय अध्ययन प्रतिवेदन प्रतिकूल कार्य गरेमा, वा

(ग) कबुलियतनामाको शर्त विपरीत कार्य गरेमा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(९) यस दफाबमोजिम वनक्षेत्र कबुलियतमा उपलब्ध गराउने अवधि, प्रकृया र कबुलियतनामा शुल्क तोकिएबमोजिम हुनेछ।

(१०) कार्यालयले उपदफा (१) बमोजिमको प्रकृयामा आधारित पर्यटन विकासका लागि उपलब्ध गराएको राष्ट्रिय वनको वार्षिक अनुगमन गरी प्रतिवेदन मन्त्रालय, प्रदेश मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकले कार्ययोजना वा व्यावसायिक योजना तयार गर्दा तोकिएको क्षेत्रभन्दा बढी राष्ट्रिय वनको कुनै भागमा वन क्षेत्रको भू-उपयोग परिवर्तन हुने वा नहुने विषय यकिन गरी कार्यालयको प्रतिवेदनको आधारमा कबुलियतनामाको अवधि थप गर्न सक्नेछ।"

(१०) दफा २८ को उपदफा (१) मा रहेका "डिभिजनल वन अधिकृतले" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा २९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "डिभिजन वन कार्यालय र स्थानीय तहको" भन्ने शब्दहरूको सट्टा "डिभिजन वन कार्यालयको" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) दफा ३० को उपदफा (२) र उपदफा (३) मा रहेका "प्रदेश वन निर्देशक" भन्ने शब्दहरूको सट्टा "महानिर्देशक" भन्ने शब्द राखिएको छ।

(१३) दफा ३१ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) बमोजिम दर्ता भएका उपभोक्ता समूहको राष्ट्रिय कोड विभागले उपलब्ध गराउनु पर्नेछ।"

(१४) दफा ३४ को उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन् :-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह वा निजी क्षेत्रसँग वा सहकारीसँग साझेदारीमा पर्यापर्यटन गतिविधि सञ्चालन गर्दा दफा ११ र २६क. बमोजिम गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहले वनक्षेत्रभित्र पर्यापर्यटन गतिविधि सञ्चालन गर्नुअघि प्रत्येक पर्यटन गतिविधिको सम्बन्धमा डिभिजन वन कार्यालयको सिफारिसमा कार्यालयबाट सहमति लिएर मात्र गर्नु पर्नेछ।"

(१५) दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४२. **वन क्षेत्रको प्रयोग** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकताप्राप्त खनिजजन्य उद्योग सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्नको लागि राष्ट्रिय बनको कुनै भाग प्रयोग गर्न तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि "राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजना, आयोजना वा राष्ट्रिय योजना आयोगले यकिन गरेको आयोजना सम्झनुपर्छ।

(२) राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजनाबाट वातावरणमा असर पर्ने देखिएमा उपयुक्त जोखिम न्यूनीकरणका उपायको अध्ययन गरी अवलम्बन गर्नुपर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुरक्षाका उपाय तथा प्रविधि यकिन गरी कार्यान्वयन गर्ने सर्तमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्नको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश वा स्थानीय तहले कुनै विकास योजना वा आयोजना सञ्चालन गर्दा राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना वा आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा वा असर पर्ने देखिएमा उपयुक्त जोखिम न्यूनीकरण उपायहरूको अध्ययन गरी अवलम्बन गर्नुपर्ने सुरक्षाका उपाय तथा प्रविधि यकिन गरी कार्यान्वयन गर्ने सर्तमा प्रदेश वा स्थानीय तहको प्राथमिकताप्राप्त आयोजना हो भनी प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरी नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुरोध भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले यस दफाको अधीनमा रही त्यस्तो योजना वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोजना सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम स्वीकृतिप्राप्त योजना, आयोजना वा उद्योग सञ्चालनको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिँदा त्यस्तो योजना, आयोजना वा उद्योगले जति वनक्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रफल बराबरको निजी जग्गाको व्यवस्था गर्न त्यस्तो जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्न र आयोजना सञ्चालन गर्दा हटाउने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको निकायबाट सञ्चालन हुने योजना, आयोजना वा उद्योगले जति वन क्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रफल बराबरको जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट निर्माण हुने स्थानीय जनताको जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने खानेपानी, परम्परागत बाटोघाटो र पुलपुलेसा, परम्परागत सिंचाइ कुलो, सरकारी स्वास्थ्य संस्था स्थापनाको योजना, आयोजनाले वन क्षेत्र प्रयोग गरेबापत यस दफा बमोजिम रकम दाखिला गर्नुपर्ने छैन।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत प्रसारण वा वितरण र सञ्चार सेवा सम्बन्धी आयोजनाको हकमा राष्ट्रिय वनको कुनै भागमा टावर राख्नुपर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्र (टावर प्याड) को लागि उपदफा (५) बमोजिम निर्धारण गरिएको रकमको दश प्रतिशत रकम तथा त्यस्तो प्रसारण लाइन वा विद्युत मार्गको अधिकार क्षेत्र (राइट अफ वे) कायम गरिएको क्षेत्रमा वृक्षारोपण गर्ने र हटाउने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपदफा (५), (६) वा (७) बमोजिम प्राप्त रकम वनको विकास गर्नका लागि जग्गाको व्यवस्था गर्न, त्यस्तो जग्गामा वृक्षारोपण गरी रुख हुर्काउन तथा वनको पुनःस्थापना, संरक्षण र व्यवस्थापन गर्नको लागि खर्च गर्नु पर्नेछ।

(९) उपदफा (१), (२), (३) वा (४) बमोजिम वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्राप्त गर्नेले आयोजना सञ्चालन गर्नुपूर्व प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति गराई कार्यान्वयन गर्नु पर्नेछ।

(१०) उपदफा (१), (२), (३) वा (४) बमोजिम वनक्षेत्र प्रयोग गर्दा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति हुनुअघि कार्यालयको सिफारिस साथ विभागको सहमति लिनु पर्नेछ।

(११) उपदफा (५), (६) वा (७) बमोजिम तोकिएको रकम जम्मा भएपछि विभाग वा विभागले तोकेको निकाय वा वन निगम वा आयोजना वा योजनाले छनौट गरेका प्रचलित कानूनबमोजिम दर्ता भएका इजाजत प्राप्त सेवा प्रदायकले तोकिएबमोजिमको प्रक्रिया पूरा गरी रुख कटान गर्ने वा हटाउने लगायतका कार्य गर्न तोकिएबमोजिमको अवधिभित्र अनुमति दिनेछ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) उपदफा (११) बमोजिम अनुमतिप्राप्त गर्न सम्बन्धित सेवा प्रदायकले विभागले तयार गरेको मापदण्डबमोजिम योग्यता पूरा गरी विभागमा सूचीकृत भएको हुनु पर्नेछ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वन क्षेत्रभित्रको पर्यापर्यटनको विकाससम्बन्धी व्यवस्था दफा २६क. बमोजिम हुनेछ।

(१४) यस दफाबमोजिम वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने उद्योगले आफ्नो स्वामित्वको हक हस्तान्तरण गर्नु परेमा सम्झौताका सर्तहरू समेत हस्तान्तरण हुने गरी नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(१५) वन क्षेत्रको भू-उपयोगको लागि भोगाधिकारप्राप्त गरेको वनक्षेत्रको उपयोग तथा वातवरणीय अध्ययन प्रतिवेदन कार्यान्वनको वार्षिक अनुगमन गरी कार्यालयले विभागमा स्थलगत प्रतिवेदन पेस गर्नु पर्नेछ।"

**(१६)** दफा ४४ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्बन व्यापारसम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था वातावरण संरक्षणसम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्बन व्यापार बाहेकको वातावरणीय सेवाको बोलपत्र कार्यालयले आह्वान गरी तोकिएबमोजिम लाभ बाँडफाँटको व्यवस्था मिलाउन सक्नेछ।"

**(१७)** दफा ४५ को उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन् :-

"(घ१) दफा २६क. को उपदफा (५) बमोजिमको वातावरण शुल्क बापतको रकम,

(घ२) राष्ट्रिय वनक्षेत्रबाट कार्बन उत्सर्जन कटौती वा सञ्चय गरेको कार्बन क्रेडिट बापतप्राप्त रकम,"

**(१८)** दफा ४६ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) सशस्त्र वन रक्षकको परिचालन विभाग वा विभागले तोकेको निकायले गर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१९) दफा ६० को उपदफा (२) मा रहेको "यथाशक्य चाँडो" भन्ने शब्दहरू पछि "कार्यालय वा" भन्ने शब्दहरू थपिएका छन्।

(२०) दफा ६२ को उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएको छ :-

"(१०) यस दफाबमोजिम मुद्दाको अनुसन्धानको लागि अनुसन्धान अधिकारी तोकिएको विवरण, पक्राउ वा जफत भएका मालसामान विवरण र मुद्दा दायर भएको विवरण विभागले तयार गरेको विद्युतीय प्रणालीमा प्रविष्ट गरी त्यस्तो कार्य भएको चौबिस घण्टाभित्र विभागमा पठाउनु पर्नेछ।"

(२१) दफा ६५ को उपदफा (१) मा रहेका "सुरक्षित स्थानमा ल्याई" भन्ने शब्दहरू पछि "कार्यालयको प्रमुख वा" भन्ने शब्दहरू थपिएका छन्।

(२२) दफा ७१ पछि देहायको दफा ७१क. थपिएको छ :-

**"७१क. <u>विभागको अनुमति लिनुपर्ने</u> :** (१) तोकिएबमोजिमका वन पैदावारको निकासी वा पैठारी गर्दा विभाग वा विभागले तोकेको कार्यालयको अनुमति लिनु पर्नेछ।

(२) नेपालमा नपाइने रुख प्रजातिको बिरुवा उत्पादन, आयात वा वृक्षारोपण गर्दा तोकिएबमोजिम कार्यालयको अनुमति लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) तोकिएबमोजिमका बिउ उत्पादन, बिक्रीवितरण वा रोपण गर्दा तोकिएबमोजिम आनुवांशिकता प्रमाणित गरी कार्यालयबाट अनुमति लिएर मात्र गर्नु गराउनु पर्नेछ।"

(२३) दफा ७४ पछि देहायको दफा ७४क. थपिएको छ :-

**"७४क. <u>विभागको अनुमति लिनुपर्ने</u>** : राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना, प्रदेश वा स्थानीय तहले कुनै विकास योजना वा आयोजना सञ्चालन गर्न राष्ट्रिय वनको जग्गा प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन गर्नुअघि विभागको अनुमति लिनु पर्नेछ।"

(२४) दफा ७७ मा रहेका "प्रयोजनका लागि" भन्ने शब्दहरू पछि "सोही सूचनामा" भन्ने शब्दहरू थपिएका छन्।

(२५) दफा ७९ पछि देहायको दफा ७९क. थपिएको छ :-

**"७९क. <u>सुराकी परिचालन गर्न सक्ने</u>** : विभाग वा कार्यालयले वन अपराध न्यूनीकरण गर्न अनुसन्धानमा सुराकी परिचालन गर्न सक्नेछ।"

३. **<u>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन</u>** : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ख. को दफा (६) पछि देहायका उपदफा (७) र (८) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) मध्यवर्ती क्षेत्रभित्रको नदी खोलाबाट ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको सङ्कलन तथा व्यवस्थापन, निजी स्वामित्वको जग्गामा कुनै उद्योग व्यवसाय सञ्चालन वा यस्तै अन्य कार्य वातावरणीय अध्ययनको आधारमा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट हुनेछ।

तर राष्ट्रिय निकुञ्ज वा आरक्षको सिमानाबाट बग्ने वा मध्यवर्ती वन क्षेत्रभित्रबाट बग्ने नदी खोलाको हकमा विपद् व्यवस्थापन वा वन्यजन्तु वासस्थान सुधारका लागि विभागको सहमतिमा संरक्षकले सङ्कलन र व्यवस्थापन गर्न सक्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०६६ साल माघ २८ गते अगावैदेखि आवाद कमोतमा रहेको जग्गा यकिन गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको मध्यवर्ती क्षेत्रको जग्गालाई एकपटकका लागि पुनः नक्साङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न सकिनेछ।"

प्रमाणीकरण मिति : २०८३।०६।२७

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।